# कार्यकारी सारांश

नेपाल सरकारले विद्यमान अबस्थामा रहेको यातायात सुविधाको विस्तार गर्न दुर्गम क्षेत्रलाई  मुख्य प्राथमिकता दिएको छ । यसै सन्र्दभमा (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) सडक विभागले देशको विभिन्न भागहरुमा (मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल र सूदुरपश्चिमाञ्चल) सडक आयोजनाहरु संचालन गरि रहेको छ ।

प्रमुख सडकको रुपमा वर्गीकृत खिड्कीजुयला-मान्मा-जुम्ला सडक आयोजना, दैलेख जिल्लाको खिड्कीज्युलाबाट सुरु भई जुम्ला जिल्लाको सदरमुकाम जुम्ला बजारमा गएर समाप्त हुन्छ । खिड्केजुयला-मान्मा-जुम्ला सडक - दैलेख जिल्लाको राकमकर्णाली र पिपलकोट गा. वि.स., कालिकोट जिल्लाको भर्त, मान्मा, दह, पाखा, छार्पे, जुविथ, राँचुलि र फोइमादेभ गा.वि.स., जुम्ला जिल्लाको रारालि, कुदरी, तातोपानि, लाम्रा, तलियुम, मह्तगाउँ हुदैं  चन्दननाथ गा. वि. स. लाई जोड्न पुगेको छ । विद्यमान खिड्केजुयला-मान्मा-जुम्ला सडकको स्तरोन्नति कार्य गर्दा केही जग्गा अधीकरण गर्नुपर्ने देखिन्छ । यस आयोजनाको (Design Phase) अनुसार १०९ कि.मि. लम्बाई, ९.६ हेक्टर व्यक्तिगत जग्गा (१२१९ कीत्ता),४५ घर संरचना र २०६ रुखहरुमा असर पुग्ने देखिन्छ ।

विद्यमान खिड्केजुयला-मान्मा-जुम्ला सडकको डिजाइन चरणमा तयार भएको (RAP) पुर्नवास कार्ययोजना कार्यान्वयनको चरणमा केही थप घर संरचना तथा व्यक्तिगत जग्गामा असर पुग्ने देखिएकोले यस सडकको सहायक पूर्नवास कार्य योजना {Supplementary Resettlement Action Plan (SRAP)} तयार गरिएको छ ।

यस अतिरिक्त पूर्नवास कार्य योजना (SRAP) अध्ययनको मुख्य उद्देश्य प्रस्तावित आयोजना निर्माण तथा संचालनको लागि अधिग्रहण गर्नुपर्ने व्यक्तिगत जग्गा, घर/टहरा लगायतका प्रभावहरुको क्षतिपुर्तीको व्यवस्था गर्नु हो । (RAP/SRAP) मा प्रभावित व्यक्तिगत जग्गामा / घर संरचनाहरु मध्ये ६६%, घरधुरीको ५% जग्गा प्रभावित हुने देखिन्छ  भने १०% घरधुरीमा ५-१०% सम्म जग्गा क्षति हुने देखिन्छ ।

यस अतिरिक्त पुर्नवास कार्य योजना तयार पार्ने सन्दर्भमा सर्वप्रथम जग्गा/घर धनीले दिएको छुट कित्ताहरुको निवेदन दार्ता गरी स्थलगत निरिक्षण र नापी कार्यालयको सर्वेक्षण अनुरुप कित्ताकाटको आधारमा थप प्रभावित घर/जग्गाको सूची तयार गरिएको छ ।

यस अतिरिक्त पूर्नवास कायियोजना अनुरुप जम्मा  २० घर र १९९४७० वर्गमिटर जग्गा (७६८कित्ता जग्गा) अधिकरण गर्नु पर्ने देखिन्छ । प्रभाव न्यूनिकरण गर्ने सन्र्दभमा नगद क्षतिपूर्ति र जिविकोर्पाजनको व्यवस्था, पूर्नवास सहायता तथा अन्य सहायताहरु प्रभावित व्यक्तिहरुलाई उपलव्ध गराउनुको साथै अस्थाई अधिकरणको हकमा भाडामा लिने व्यवस्था यस पूर्नवास कार्ययोजनामा छ ।

यस अतिरिक्त पूर्नवास कार्ययोजनाले प्रभावित व्यक्तिहरुको प्रमाणीकरणको लागि हकदैया नितिको अनुरुप क्षतिपूर्ति, पूर्नवास सहायता तथा अन्य सहायताको (निमसरो व्यक्तिको लागि) व्यवस्था गरिएको छ ।

प्रस्तावित अतिरिक्त पूर्नवास कार्ययोजनाको कार्यान्वयनको लागि नेपाली रु. १०९९९७२१ प्रस्ताव गरिएको छ भने कार्यान्वयनको समयमा क्षतिपूर्ति रकम CDC द्वारा निर्धारीत गरिन्छ ।

पूर्नवास कार्ययोजनाको सफल कार्यान्वयनको लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग अर्न्तगत सडक क्षेत्र विकास आयोजना(RSDP)ले  पूर्नवास कार्ययोजनाको आर्थिक व्यवस्थापन तथा भू–वातावरण तथा सामाजिक शाखाद्धारा यसको समिक्षा, स्वीकृती तथा अनुगमन गर्नेछ ।

यस अतिरिक्त पूर्नवास र्कायोजना कार्यान्वयनको लागि आन्तरिक मूल्याङ्कन गर्ने कार्य आयोजना समन्वय ईकाई सडक क्षेत्र विकास आयोजना(RSDP) र भू–वातावरण तथा सामाजिक शाखा हो । यस कार्यमा भू–वातावरण तथा सामाजिक शाखा र परामर्शदाता कार्यालयमा कार्यरत (National Individual Social Development Expert and Social Development / Resettlement Specialist) को पूर्ण सहयोग रहने छ । यसरी गरिने आन्तरीक मूल्याङ्कनले पूर्नवास कार्ययोजना उल्लेख भए वमोजिम सम्पति मूल्याङ्कनको रुजु, जिविकोर्पाजनको सुधार, सुचनाको सम्प्रेशण र प्रवाह प्रभावित परिवारहरुसंगको नियमित परामर्श, Entitlement को उचित प्रयोग, आय क्षतिको भुक्तानी, उचित सहयोग, गुनासो निदान संयन्त्रको प्रभावकारी सञ्चालन, गुनासो दर्ताको प्रकृया जस्ता विषयहरुलाई केन्द्रित गर्ने छ ।

अन्तत यस अतिरिक्त पूर्नवास कार्ययोजनालाई सडक विभाग अर्न्तगत भू–वातावरण तथा सामाजिक शाखा / सडक क्षेत्र विकास आयोजना तथा विश्व बैंकमा पेश गरि सडक विभागको Website मा खुलासा (disclosed)  गरिने छ ।